दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



सहकारीका विश्वव्यापी सिद्धान्त

-स्वेच्छिक तथा खुला सदस्यता,
-सदस्यहरुद्वारा लोकतान्त्रिक नियन्त्रण,
-सदस्यहरुको आर्थिक सहभागिता,
-स्वायत्तता र स्वतन्त्रता,
-सहकारी शिक्षा, तालिम र सूचना,
-सहकारी-सहकारीबीच पारस्परिक सहयोग,
-समुदायप्रतिको चासो ।

सहकारी सिद्धान्तको पालना गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३७ | अंक ८३ | बुटवल | २०८१ चैत ०७, गते बिहीबार | नेपाल संवत ११४५ | Thursday Mar. 20, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## ‘गरिबको स्वास्थ्य बिमा सरकारले गर्नुपर्छ’



बुटवल। स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले १८ प्रतिशत गरिबीको रेखामुनि रहेका नेपालीको स्वास्थ्य बिमा सरकारले गर्ने कानुनी व्यवस्था गर्नुपर्ने बताएका छन् ।

प्रतिनिधिसभा बैठकमा सांसद डा. सुनिलकुमार शर्माले स्वास्थ्य सेवा सुधार तथा सर्वसुलभ उपचारको सुनिश्चिततासम्बन्धी सार्वजनिक महत्वको प्रस्ताव पेस गर्नु निकै महत्त्वपूर्ण भएको मन्त्री पौडेलले बताए ।

“स्वास्थ्य बिमाको कानुन बनाउँदा १८ प्रतिशत गरिबीको रेखामुनि रहेका नेपालीको बिमा सरकारले गर्ने व्यवस्था गर्ने गरी स्वास्थ्य सेवा दिनुपर्ने हुन्छ”, मन्त्री पौडेलले भने-“नेपालमा ६६ लाख घरपरिवार छन्, सबैलाई अनिवार्य स्वास्थ्य बिमामा जोड्नुपर्छ, सक्नेले आफैँ गर्छन्, नसक्नेलाई राज्यले तिर्ने व्यवस्था गर्नुपर्छ ।”

उनले नागरिकको योगदानमा आधारित स्वास्थ्य बिमा प्रणालीको सुरु गर्न मन्त्रालयले प्रतिवेदन ल्याएको र स्रोत सुनिश्चितताबारे योजना बनाइरहेको बताए ।

स्वास्थ्य बिमा कार्यक्रम ७७ जिल्लामा सात सय ५३ स्थानीय तहमा लागू भएको छ । सेवा प्रदायक संस्था चार सय ८४ रहेका छन । जसमध्ये सरकारी ४०३ सरकारी अस्पताल, ४८ निजी अस्पताल र ३३ वटा सामुदायिक अस्पताल छन् । देशभरी तीन सय ४४ कर्मचारी अस्थायी र करारमा कार्यरत छन् ।

“स्वास्थ्य बिमाको स्रोत सुरक्षित छैन र आम्दानी पनि सुनिश्चित छैन”, मन्त्री पौडेलले भने-“बिमा कोष बनाएर व्यवस्थित बनाएर लैजानुपर्छ, यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ, सल्लाह गरौँ ।” उनले स्वास्थ्य बिमाको दुरुपयोग गर्नेलाई कडा कारबाही गर्ने र अहिले रु एक लाखको बिमालाई रु पाँच लाख बनाएर जाने सकिएमा राम्रो हुने बताए ।

## बुटवलमा मिडिया सम्मेलन हुँदै

बुटवल । सञ्चार माध्यमहरुका समस्या र चुनौतीबारे वृहत् अन्तरक्रियाका लागि चैत ९ र १० गते बुटवलमा मिडिया सम्मेलन हुने भएको छ । दुई दिनसम्म आयोजना हुने सम्मेलनबाट अवसर र सम्भावको खोजी गर्ने लक्ष्य राखिएको छ ।

प्रकाशन तथा प्रसारण संघ लुम्बिनीले पत्रकारिताका अग्रज र अनुभवी व्यक्ति र विज्ञहरु सहभागी गराएर सम्मेलन गर्न लागेको हो । सम्मेलनलाई सातवटा सत्रमा विभाजन गरी विभिन्न विषयमा अन्तरक्रिया गरिने अध्यक्ष नवराज कुँवरले जानकारी दिए ।

उनका अनुसार सम्मेलनको सुरुमा उद्घाटन सत्र हुने छ भने दोस्रो सत्रमा परम्परागत मिडिया: आजको अवस्था, भोलिको बाटो विषयमा छलफल गरिने छ । कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहिया र अन्नपूर्ण मिडिया नेटवर्कका रामेश्वर थापाले प्रस्तुति राख्नेछन् ।

त्यस्तै छापा माध्यम, किन र कसका लागि ? भन्ने विषयमा आर्थिक अभियान दैनिकका प्रधान सम्पादक मदन लम्साल र सौर्य दैनिकका प्रधान सम्पादक बोधराज त्रिपाठीको प्रस्तुति रहने छ ।

‘के अनलाइन पत्रकारिता सधैँका लागि हो ?’ भन्ने विषयमा अनलाइनखबरका धर्मराज भुसाल र बाह्रखरी मिडियाका प्रतिक प्रधानले प्रस्तुति राख्ने छन् । ‘किन फस्टाउन सकेन विज्ञापन बजार ?’ विषयमा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्र ढकालको प्रस्तुति रहनेछ ।

सम्मेलनमा ‘अनेक संस्था: नियमन कि नियन्त्रण ?’ भन्ने विषयमा नेपाल विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईं, सूचना तथा प्रसारण विभागका महानिर्देशक प्रदीप परियार, न्यूनतम पारिश्रमिक निर्धारण समितिकी अध्यक्ष संगीता खड्का र गीत संगीत रोयल्टी संकलन समाजका सुरेश अधिकारीले प्रस्तुति राख्ने छन् भने सम्मेलनको सातौं सत्रमा सम्बन्ध: पत्रकार र पत्रकार महासंघको: के भयो ? के हुँदैछ ? भन्ने विषयमा नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्मा, पूर्व अध्यक्ष विपुल पोखरेल र दैनिक लुम्बिनीका सम्पादक शेरबहादुर केसीको प्रस्तुति रहनेछ ।

विज्ञहरुका प्रस्तुतिपछि संक्षिप्त प्रश्नोत्तर समेत गरिने संघका उपाध्यक्ष विष्णु भुसालले बताए ।

मिडिया सम्मेलनले सञ्चारमाध्यमले आगामी दिनमा तय गर्नुपर्ने विषयवस्तुबारे स्पष्ट मार्गनिर्देश गर्ने अपेक्षा गरिएको संघका सचिव माधव नेपालले बताए ।

# एसईई आजदेखि

### लुम्बिनी प्रदेशबाट ९५ हजार परीक्षार्थी सहभागी हुँदैछन् भने मधेश प्रदेशमा मुख्यमन्त्रीले वहिस्कारको घोषणा गरेकाले विवाद निम्तिएको छ ।

**लुम्बिनी संवददाता**
*बुटवल*



आजदेखि देशभर माध्यमिक शिक्षा परीक्षा (एसईई) सञ्चालन हुँदैछ । परीक्षा बिहान ८ बजेबाट सुरु हुँदैछ । यस वर्ष लुम्बिनी प्रदेशबाट ९४ हजार ९ सय ८ परीक्षार्थी सहभागी हुनेछन् । परीक्षा व्यवस्थितरूपमा सञ्चालन गर्न ३४८ परीक्षा केन्द्र तोकिएको छ भने ८ हजार ६ सय कर्मचारी परिचालन गरिने छन् ।

शिक्षा तथा सामाजिक विकास निर्देशनालयका निमित्त महानिर्देशक रेश्मीराज अर्यालका अनुसार परीक्षाको आवश्यक तयारी सबै पुरा भएको छ । ‘परीक्षा सञ्चालनका लागि गर्नुपर्ने सबै तयारी पूरा भएको छ,’ उनले भने-‘अब विद्यार्थीहरु परीक्षा केन्द्रमा पुग्न र ढुक्क भएर जाँचमा बस्न मात्रै बाँकी छ ।’

यस वर्ष रुपन्देही मा सबैभन्दा धेरै २२ हजार ९ सय ७५ परीक्षार्थीले परीक्षा दिनेछन् भने दाङ मा १४ हजार दुई सय ५४, कपिलवस्तुमा ९ हजार ४ सय ६१, बाँके मा १० हजार २ सय ७४ परीक्षार्थी सहभागी हुनेछन् । पाल्पामा ४ हजार ९ सय १०, गुल्मीमा ४ हजार ८ सय ५७, अर्घाखाँचीमा ३ हजार ४ सय ६५, रोल्पामा ४ हजार ७ सय ६५, प्यूठानमा ४ हजार ९ सय ४०, बर्दियामा ७ हजार ७ सय ६२, नवलपरासी पश्चिममा ६ हजार ३ सय ९७, रुकुमपूर्वमा १ हजार २ सय परीक्षार्थी सहभागी हुँदैछन् । नियमिततर्फ ७४ हजार ५ सय ९८ परीक्षार्थी छन् भने ग्रेड वृद्धिका लागि २० हजार ३ सय १० परीक्षार्थीले परीक्षा दिनेछन् । यसैगरी, प्राविधिक धारतर्फ ३ हजार १ सय ७४ विद्यार्थीले परीक्षा दिने भएका छन् ।

परीक्षा निष्पक्ष र मर्यादित बनाउन ८ हजार ६ सय कर्मचारी परिचालन हुदैछन् । केन्द्राध्यक्ष ३ सय ४८ जना, सहायक केन्द्राध्यक्ष ६ सय ३४, निरीक्षक ४ हजार ७ सय ५८, सहायक ९ सय ५८ र कार्यालय सहयोगि १ हजार ९ सय २ जना परिचालन हुँदैछन् । परीक्षा निष्पक्ष बनाउन शिक्षा निर्देशनालयले अनुगमन टोली परिचालन गर्ने जनाएको छ ।

**मुख्यमन्त्रीको अपिल: ढुक्क भएर परीक्षा दिनुहोस्**

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले एसईई परीक्षामा सहभागी सबै विद्यार्थीलाई मनोबल उच्च राख्दै ढुक्क भएर परीक्षा दिन अपिल गरेका छन् । उनले परीक्षा जीवनको एउटा महत्वपूर्ण चरण भए पनि यसको दबाब नलिई आत्मविश्वासका साथ प्रस्तुत हुन विद्यार्थीलाई आग्रह गरे । साथै, परीक्षा निष्पक्ष रूपमा सम्पन्न गर्न प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

मुख्यमन्त्री आचार्यले अभिभावक, शिक्षक, विद्यालय प्रशासन तथा सम्बन्धित निकायलाई परीक्षाका लागि आवश्यक वातावरण सिर्जना गर्न आह्वान गरेका छन् । साथै, परीक्षा केन्द्रहरूमा शान्तिपूर्ण तथा व्यवस्थित वातावरण कायम गर्न प्रशासन र सुरक्षाकर्मीहरूलाई आवश्यक निर्देशन दिइसकिएको छ ।

**मधेशमा विवाद**

राष्ट्रिय परीक्षा बोर्डले सम्पूर्ण तयारी पूरा गरिसक्दा मधेस प्रदेशमा भने एसईई परीक्षा विवादित बन्ने देखिन्छ ।

मधेसका मुख्यमन्त्री सतिश सिंहले मंगलबार पत्रकार सम्मेलन गरी एसईई परीक्षा प्रक्रियालाई ‘वहिष्कार’ गर्ने घोषणा गरिसकेका छन् । उनको यस्तो घोषणापछि के अब परीक्षा सञ्चालनमा असर पर्छ ? भन्ने जिज्ञासा धेरैको छ । तर, परीक्षा प्रक्रियामा सामेल नहुने मुख्यमन्त्रीको घोषणाले असर नपर्ने उनीहरूको दाबी छ ।

मधेश प्रदेशका आठ जिल्लामा ३१२ परीक्षा केन्द्र र सोही संख्यामा केन्द्राध्यक्ष तोकिएको छ । यस्तै ४५९ सहायक केन्द्राध्यक्ष, ४ हजार ३७० निरीक्षक, ७५५ परीक्षा सहायक र एक हजार ६६६ कार्यालय सहयोगी खटाइनेछ । यस प्रदेशबाट ८८ हजार ८५८ परीक्षार्थी एसईई परीक्षामा सामेल हुँदैछन् । सबैभन्दा बढी धनुषाबाट १३ हजार ६५४ र सबैभन्दा कम सप्तरीबाट ८ हजार ७१५ परीक्षार्थी एसईईमा सहभागी हुने शिक्षा विकास निर्देशनालय मधेश प्रदेशले जनाएको छ ।

एसईईलाई मर्यादित बनाउने पक्षमा आफू लागेको मुख्यमन्त्रीको दाबी छ । उनले केही दिनअघि परीक्षा समन्वय समितिको संयोजक तथा प्रमुख जिल्ला अधिकारी र सुरक्षा अधिकारीहरूको भेला डाकेका थिए । त्यहाँ उनले यस वर्ष गोलाप्रथाबाट केन्द्राध्यक्ष तोक्न निर्देशन दिए ।

परीक्षा केन्द्रमा मोबाइल पूर्णतः निषेध गर्ने, फेला परे जफत गरी नष्ट गर्ने निर्देशन पनि दिएका थिए । साथै परीक्षा मर्यादित गर्ने केन्द्राध्यक्षलाई पुरस्कृत गर्ने र अमर्यादित बनाउने केन्द्राध्यक्षलाई दण्डित गर्ने घोषणा पनि गरे ।

सम्बन्धित विद्यालयकै प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोक्ने विगतको परिपाटीले आर्थिक चलखेल र परीक्षा अमर्यादित हुने मुख्यमन्त्रीको भनाइ थियो । भेलामा उपस्थित सीडीओ (जिल्ला परीक्षा समन्वय समितिका संयोजक) हरूले पनि मुख्यमन्त्रीको निर्देशनअनुसार काम गर्ने वाचा गरे । तर, आठै जिल्लाका सीडीओहरूले राष्ट्रिय परीक्षा बोर्डको निर्देशिकाको प्रावधानलाई नै टेकेर केन्द्राध्यक्ष नियुक्त गरेपछि मुख्यमन्त्री असन्तुष्ट बनेका हुन् ।

परीक्षा केन्द्र तोकिएको विद्यालयकै प्रधानाध्यापकलाई केन्द्राध्यक्ष नियुक्त गर्ने बोर्डको निर्देशिकामा उल्लेख छ ।

बोर्डको निर्देशिका बमोजिम केन्द्राध्यक्ष नियुक्त गर्न लागेको सुइँको पाएपछि मुख्यमन्त्री सिंहले आइतबार राति विज्ञप्ति जारी गरे । उनले एसईई परीक्षा मर्यादित बनाउन आफूले दिएको निर्देशन विपरीत केन्द्राध्यक्ष नियुक्त गरिए परीक्षा प्रक्रियाबाट अलग्गिने चेतावनी दिएका थिए ।

अन्ततः मुख्यमन्त्री सिंहले एसईई परीक्षा प्रक्रियामा मधेस सरकार सामेल नहुने घोषणा गरे । संघ र प्रदेशको निर्देशनविपरीत केन्द्राध्यक्ष तोकिएको विषयमा गहिरो छानबिन गर्नुपर्ने उनको माग छ ।

## लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव आजदेखि



**लुम्बिनी संवाददाता**
*बुटवल*

बुद्ध जन्मस्थल लुम्बिनीमा आजदेखि ‘लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव’ सुरु हुँदैछ ।

लुम्बिनीलाई विश्वव्यापी शान्ति र आध्यात्मिक पर्यटनको केन्द्रका रूपमा प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल पर्यटन बोर्डले नेपालस्थित चिनियाँ दूतावास, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँगको सहकार्यमा महोत्सव आयोजना गर्न लागेको हो ।

२९ बैशाख २०८२ सम्म लुम्बिनी र वरपरका शहरमा महोत्सव आयोजना हुने पर्यटन बोर्डले जनाएको छ ।

बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले दोस्रो लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव नेपालले शान्ति र सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गर्न गरेको प्रतिबद्धताको प्रतीकका रूपमा अघि बढाइएको बताए ।

लुम्बिनीलाई विश्वव्यापी शान्ति र आध्यात्मिक पर्यटनको केन्द्रको रूपमा प्रवर्द्धन गर्नुका साथै नेपाल, चीन र अन्य राष्ट्रहरूबिच सांस्कृतिक, खेलकुद, धार्मिक र जनस्तरको अवस्था आदानप्रदानलाई प्रोत्साहन दिन महोत्सव आयोजना गरिएको बोर्डले विज्ञप्तिमार्फत् उल्लेख गरेको छ ।

आजदेखि सुरु हुने महोत्सवमा ८ चैतमा मायादेवी मन्दिर बाहिरको पवित्र उद्यानमा एक सय भिक्षु र चार सय साधकको सहभागितामा ध्यान सत्र सञ्चालन हुनेछ । ९ चैतमा खेलकुद र विकासका लागि अन्तर्राष्ट्रिय शान्ति दिवसको अवसरमा तेस्रो लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथन हुनेछ ।

यसैबिच लुम्बिनी शान्ति साङ्गीतिक कार्यक्रम, फोङ्ग हुआ गुम्बाको २५औं वार्षिकोत्सवको अवसरमा फोटो प्रदर्शनी, बुद्ध दीक्षा समारोहलगायत विविध कार्यक्रम गर्ने र बैशाख पूर्णिमाको दिन विशेष समापन समारोह हुने बोर्डका प्रमुख कार्यकारी अधिकृत जोशीले जानकारी दिए । महोत्सवलाई लुम्बिनी विकास कोष, नेपाल ओलम्पिक समिति, युनान माउन्टेनियरिङ तथा आउटडोर स्पोर्ट्स संघ, केजिएच ग्रुप, भिभो, दीपल, बुद्ध एयरलगायत स्थानीय र अन्तर्राष्ट्रिय संस्थाले सहयोग गर्ने आयोजकले जनाएको छ ।




## सम्पादकीय

# स्पा र मसाज सेन्टरमा निगरानी गर

बुटवल र भैरहवामा अहिले स्पा तथा मसाज सेन्टरहरू खुलिरहेका छन् । काठमाडौंमा स्पा र मसाज सेण्टर खुलेको धेरै वर्ष भयो । ती स्पा र मसाज सेन्टरहरूमा गैरकानुनी काम भएको भन्दै बेलाबखत अनुगमन हुँदै आएको छ । यहाँका स्पा र मसाज सेन्टरमा पनि अनुगमनको आवश्यकता छ ।

स्पा र मसाज सेन्टर सञ्चालनका लागि दक्ष जनशक्ति आवश्यक पर्छ । सञ्चालनका लागि मापदण्डको पालना आवश्यक पर्छ । तर यहाँका अधिकांश स्पा र मसाज सेन्टरमा दक्ष जनशक्ति छैनन् नै, मापदण्डको पालना गराउन नियामक निकायले चासो दिन आवश्यक छ । बुटवल र भैरहवामा पर्यटकीय गतिविधि बढेका छन् । यहाँ घुम्न आउने स्वेदशी र विदेशी नागरिकका लागि स्पा र मसाज सेन्टर आकर्षणको केन्द्र बनेका छन् । भैरहवाको बसपार्क आसपासमा धेरै स्पा र मसाज सेन्टर खुलेको देखिन्छ । बुटवलको कालिकापथमा पनि स्पा सेन्टरको संख्या बढिरहेको छ । कतिपय नियामक निकायमा दर्ता भएर खुलेका छन् भने कतिपय दर्ता नभई खुलेका छन् । स्पा सेन्टर दर्ता भएको नभएको र कार्यरत कर्मचारी दक्ष भए नभएको हेर्ने काम स्थानीय तहले गर्न सक्छन् । महिला कर्मचारीलाई यौनजन्य गतिविधिमा संलग्न गराइएको काठमाडौंमा फेला परेको र केही व्यक्ति कानुनी कारबाहीमा पनि परेकोले बुटवल-भैरहवाका स्पा सेन्टरहरूमा पनि के त्यस्तै गतिविधि भएका छन् ? यस्तो प्रश्न उठ्नु स्वाभाविक छ । अरू व्यापार व्यवसाय चौपट भएको भन्दै पलायन भइरहेका बेला स्पा र मसाज सेन्टरको संख्या बढ्नुले प्रश्न उठ्नु स्वाभाविक छ । सिद्धार्थनगरभित्र सञ्चालनमा आएका आठ स्पा सेन्टर नगरपालिकामा दर्ता भएका छन्, तर नगरमा ५० भन्दा बढी स्पा सेन्टर रहेको अनुमान छ ।

स्पा सेन्टरलाई मर्यादित ढंगले चलाउनुपर्छ, चल्न दिनुपर्छ । स्पा र मसाज सेन्टर भन्ने, तर त्यहाँ किशोरीहरूलाई यौनजन्य गतिविधिमा लाग्न दबाब दिइएको छ भने त्यस्तो गतिविधिलाई रोक्न प्रहरी अनुसन्धान र निगरानीको खाँचो छ ।

# मुलुक यो अवस्थामा पुऱ्याउने को हो ?



**श्रीप्रसाद प्रसाई**

राष्ट्रघाती लुटेराका निम्ति लोकतन्त्र नै अवसर बन्यो । जनअभिमत स्वेच्छाचारिताको लाइसेन्स भयो । सुखी सम्भ्रान्तले सीमा नाघ्यो, विलासिता चुलियो । आवागमनमा अघि-पछि लाग्ने लावालस्करले बादशाह शैलीलाई नै बिर्स्याइदियो । राष्ट्रघाती लुटेराको नजरमा नेपाल भूस्वर्ग भइसक्यो । आमनेपाली पनि आफैंजस्तै सम्भ्रान्त बनिसके । मुलुकमा चमत्कारी परिवर्तन ल्यइएकाले नयाँ नेपाल हेर्नलायक बन्यो । पर्यटन व्यवसाय फैलिएर प्रतिव्यक्ति आयमै अभिवृद्धि भयो । नकाबधारी राजनीतिज्ञको जीवनशैली र व्यवहारले यही बताइरहे पनि आमनेपालीका निम्ति भने सत्ता सञ्चालककै बदनियतले लोकतन्त्र अभिशाप बन्न पुगेको छ । यसको दोषी लोकतन्त्र आफैं हो वा लोकतन्त्र सञ्चालक राष्ट्रघाती लुटेरा ? आलेख यही विषयवस्तुमा केन्द्रित छ ।

व्यवस्था आफैंमा सफल हुँदैन । सञ्चालककै कार्यशैली, व्यवहार र सुधारवादी सोचले नै व्यवस्था सफल बनाउँछ । हाम्रो लोकतन्त्र स्वार्थी समूहका निम्ति फलिफाप, जनताका निम्ति अभिशाप कोद्वारा बनाइयो ? भन्ने कुरा सर्वसाधारण नागरिकले नै बताउँदै आएका छन् । जनता नै जानकार भइसकेकाले त्यस्ता राष्ट्रघाती लुटेराको विकल्पको खोजीमा नेपाली जनता सडकमा उत्रिसकेका छन् । यसको पछिल्लो दृष्टान्त गत २५ फागुनमा काठमाडौंमा एकत्रित भएको जनसमूहलाई लिनुपर्छ । सो जनप्रदर्शनलाई सबैले आ-आफ्नै ढंगले व्याख्या गरे पनि त्यो जनलहर लोकतन्त्रविरुद्धको नभई, सोह्र वर्ष लोकतान्त्रिक शासनमा लुट मचाउने राष्ट्रघाती लुटेराविरुद्धको हो भन्ने स्तम्भकारको मान्यता छ ।

लोकतन्त्र स्थापित गरी लुट मचाएका लुटेराले पहिले यस्तै गीत गाउँथे : 'लोकतन्त्र आए हामीले छानेकै जनप्रतिनिधिले जनचाहनाअनुरूपै राज्य सञ्चालन गर्छन् । त्यसपछि सबै जनताको हित र कल्याण हुन्छ । कोही गरिब कोही धनी हुँदैनन्, सबै समान हुन्छन् । जनताका समस्या सबै समाधान भएर जनता सम्भ्रान्त बन्छन् । प्रशासनिक कामकार्यका लागि सिंहदरबारसम्म धाउनु पर्दैन, आआफ्नै गाउँस्तरमा सिंहदरबारबाट हुने कार्य सम्पन्न हुन्छ । देशको विकास र जनताको समृद्धि एकैसाथ आउँछ ८/१० वर्षमै नयाँ नेपालको निर्माण गरिन्छ ।' यदि सत्तासीन व्यक्तिमा स्वार्थ र बदनियत थिएन भने लुटेराले गाएको विगतको यही गीत जनताले व्यवहारमै सफल बनेको अनुभूति गर्न पाउँथे ।

दोस्रो जनआन्दोलनको नारा बनेको उल्लिखित गीतबाटै प्रभावित करिब ७० प्रतिशत जनताले नै समर्थन गरेर लोकतन्त्र स्थापित पनि गरे । तर, छद्मभेषी लुटेराले १७ वर्षसम्म लोकतान्त्रिक शासन सञ्चालन गर्दा जनअपेक्षा पूरा गर्नु त परै जाओस् सर्वसाधारण जनतालाई जीवनगुजारासम्म गर्न नसक्ने अवस्थामा पुऱ्याए । आफू र आफन्तलाई भने सम्भ्रान्तको शिखरमा चढाए । योभन्दा ठूलो धोका र राष्ट्रघात अरू के हुन सक्ला ? लुटाहा प्रवृत्तिलाई संरक्षण गर्ने, लुटेरा समूहकै नेतृत्व गर्ने नाइकेहरू जसले पालोफेरोमा सहमति र समझदारीको भरमा राज्य सञ्चालन गर्दा मुलुकको आर्थिक अवस्था जर्जर बनाए । यो अवस्था सिर्जना गर्ने जिम्मेवार व्यक्ति लोकतन्त्र हाँक्ने कथित दलीय शीर्षस्थ नेताहरू नै हुन् ।

लोकतान्त्रिक सत्तालाई अवसर ठान्ने ठूला तीन दलकै नाइकेको व्यवहार एवं कार्यशैलीसँग असन्तुष्ट दलीय नेता कार्यकर्ता अलगिने क्रम पनि तीव्र रूपमा बढिरहेको छ । स्मरण रहोस्, दोस्रो जनआन्दोलन २०६२/०६३ मा सक्रिय भई लागेका नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमाले दलकै औसत ६० प्रतिशत नेता-कार्यकर्ता अहिले सक्रिय राजनीतिबाटै अलगिएका छन् । दलीय शीर्षस्थ नेतृत्वले सबै नेता-कार्यकर्तालाई समान नठान्नु यसको प्रमुख कारण थियो । आफन्त, अरौटे-भरौटे र चाकडीदारलाई अंकमाल गर्दै लाभान्वित गराउने अरूलाई पराई ठान्ने नाइकेको व्यवहारले मुलुकमा लुटको राजनीति स्थापित भयो । सिद्धान्त र सेवाको राजनीति गर्ने व्यक्तिलाई यो स्वीकार्य नहुनु स्वाभाविक हो । यसैले उनीहरू सक्रिय राजनीतिबाट अलगिँदै गए । अवसरवादीहरूले भने जुर्मुराउँदै उठ्ने मौका पाए । जनतालाई शोषण गर्न र मुलुक लुट्न पारंगत व्यक्तिहरू भने दलीय शीर्षस्थ नाइकेका प्रिय पात्र बन्दै आए । अहिले त यिनै राष्ट्रघाती लुटेराको सञ्जाल सुसंगठित रूपमै देशव्यापी रूपमा विस्तार भइसकेको छ । गत २५ फागुनको जनजागरण र असन्तुष्टि यसकै विकल्पको खोजी हो ।

राष्ट्रघाती लुटेराका नाइकेले प्रतिस्पर्धात्मक रूपमा मुलुक लुटी अहिले कुन अववस्थाम पुऱ्याएका छन् ? यस'दयगतमा विगतमै सार्वजनिक भइसकेको एक तथ्यांकलाई दृष्टान्तका लागि समीक्षात्मक रूपमा यहाँ राखिएको छ हेरौं । मुलुकको जनसंख्या करिब ३ करोड पुगिसकेको सबैमा विदितै छ । जनसंख्याअनुसारको हाम्रो विद्यमान पारिवारिक संख्या करिब ६८ लाख छ । यस तथ्यांकले प्रतिपरिवारको सदस्य संख्या पाँच देखाउँछ । ६८ लाखमध्येका करिब २० लाख परिवार वित्तीय संस्थाका ऋणी छन् । यो तथ्यांकले मुलुकको जनसंख्याको ३२ प्रतिशत गरिबीको रेखामुनि पर्छन् । २० लाख घरपरिवारले वाणिज्य बैंक एवं अन्य वित्तीय संघसंस्थाबाट लिएको ऋणको कुल अंश ५० खर्ब छ । त्यसमध्ये पनि करिब ४५ खर्ब ऋण वाणिज्य बैंकबाट मात्र प्रवाह भएको छ । वाणिज्य बैंकले वितरण गरेको ४५ खर्बमध्ये २३ खर्ब उद्योग व्यावसायी, ठूला व्यापारीसँगै सम्बन्धित छ । सोबाहेकको बाँकी ५ खर्ब वित्तीय संघसंस्था सम्बद्ध ऋण सर्वसाधारण व्यक्तिले लिएका छन् । ३२ प्रतिशत सामान्य नागरिकले लिएको ऋण भने २२ खर्ब मात्रै छ । तर, वाणिज्य बैंकबाट प्रवाह भएको ४५ खर्बमध्ये २३ खर्ब वा आधाभन्दा बढी ऋण मात्र सय जना उद्योग व्यावसायी र ठूला व्यापारीले लिएको तथ्यांकले देखाउँछ । अब पाठकमहानुभावहरू नै भन्नुहोस् सहुलियत दरको व्यावसायिक कर्जाबाट कुन समूह लाभान्वित भइरहेको छ ? उद्योगको नाममा लिएको सबहुलियत कर्जा न उद्योगमै प्रयोग भएको छ न गुणस्तरीय उत्पादन नै सरल मूल्यमा उपभोक्तासम्म पुऱ्याइएको छ । उद्योग व्यावसायीहरूले उद्योगधन्दाको नाममा लिएको यही सहुलियत कर्जा नै सरकारी जग्गा कब्जा गर्न, ठेक्कापट्टा गर्न, आयात निर्यात गर्न र तस्करी गर्नमा प्रयोग गरी दोहोरो फाइदा लिइरहेका छन् । यस्तो हुनुको मुख्य कारण पनि सत्ता सञ्चालक लुटेराका नाइकेको स्वार्थ उद्योगपतिसँग जोडिएरै भएको हो । उद्योगलाई विद्युत् महसुल नलिने प्रधानमन्त्री ओलीको आशयको रहस्य पनि यही नै हो ।

सय जना धनाढ्य उद्योगपति र ठूला व्यापारीले लिएकै सहुलियत कर्जालाई अझैं विस्तारित गरी हेर्ने हो भने एउटै व्यक्तिको नाममा ६० अर्बभन्दा बढी ऋण प्रवाह भएको देखिन्छ । यसरी कमसल धितो राखी सस्तो दरमा ऋण लिने अग्रपंक्तिका उद्योग व्यावसायीमा (१) जगदम्बा ग्रुप (२) बुद्ध एयर (३) ज्योति ग्रुप (४) संघाई ग्रुप (५) चौधरी ग्रुप (६) पञ्चकन्या ग्रुप (७) आईएमई समूह (८) अग्नि एयर (९) विशाल ग्रुप (१०) भाटभटेनी ग्रुप (११) गोल्छा ग्रुप (१२) सम्राट ग्रुप (१३) दुगड ग्रुप (१४) लक्ष्मी ग्रुप (१५) मुरारका ग्रुप (१६) लक्की ग्रुप (१७) गोल्यान ग्रुप (१८) ह्याचरी ग्रुप र (१९) यती समूहलगायतका १९ ग्रुप अग्रस्थानमा आउँछन् । यस अतिरिक्त करिब ८० जना 'ख' वर्गका उद्योगपति र व्यापारी यो ऋण लिनेमा पर्छन् । सोह्रवर्षे लोकतन्त्र सञ्चालक नाइके नेकपा एमालेका केपी शर्मा ओली, नेपाली कांग्रेसका शेरबहादुर देउवा, नेकपा माओवादीका, पुष्पकमल दाहालसँग यी १९ ग्रुपका तस्कर नाइकेहरूको अप्राकृतिक साँठगाँठ छ ।

लाभकै विनिमयको कारण नजरिया व्यापारिक घरानाका कतिपय तस्करलाई नै दलीय शीर्षस्थ नाइकेले लाभको खातिर राजनीतिक उच्च ओहदामा सम्मानित गराउँदै ल्याएको सबैमा अवगतै छ । राष्ट्रमा लुट मच्चाई राज्यलाई परनिर्भर र भिखारी बनाउने, राज्यलाई भ्रष्ट राज्यको बिल्ला भिराउने, अन्तर्राष्ट्रिय जगत्मा राष्ट्रको छवि बिगार्ने, मित्रराष्ट्रकै विश्वास गुमाउने र देश र देशवासीलाई कंगाल बनाई आफू र आफन्तलाई सम्भ्रान्त बनाउने राष्ट्रघाती लुटेराका प्रमुख नाइकेहरू भनेकै दलीय कथित शीर्षस्थ नेता र कहलिएका उद्योग व्यावसायी र व्यापारीहरू नै हुन् । जसले देश र जनतालाई नै भिखारी बनाएका छन् ।

लोकतन्त्रलाई राष्ट्रघाती लुटेराले अवसर बनाएकै कारण जनमानसमा वितृष्णा उत्पन्न भएको हो । वास्तवमा सिद्धान्ततः लोकतनन्त्र आफैंमा नराम्रो होइन । यसमा चाहे राजावादी होस् वा गणतन्त्रवादी मात्र होइन राजा नै अटाउन सक्छन् । तर यसको लागि सबै राजनीतिकर्मीको मानसिकता निश्कलंक, सुवामुखी हुन आवश्यक छ । अहिले संघीयताअन्तर्गतका संघीय, प्रदेश र स्थानीय गरी तीनै तहका सरकारमा सामेल हुने व्यक्तिहरूमध्ये करिब ९० प्रतिशत लुट्नकै निम्ति राजनीतिमा लागेका व्यक्ति छन् । औसत १० प्रतिशतले भने वास्तविक जननेताकै भूमिका अपनाउँदै आएका छन् जसले राजनीतिक इज्जत धान्दै छन् । अहिले सडकमा देखिएको मास गतिविधि यिनै ९० प्रतिशत लुटेराविरुद्धकै हो । राष्ट्रघाती लुटेराउपरको जनआक्रोश अहिले चुलिएको छ ।

जनमतलाई स्वेच्छातारिताको औजार ठान्ने प्रभावशाली दलका नाइकेहरू नै अहिले लुटेराहरूका ओस्ताजकै नाइके बनेका छन् । राष्ट्रिय स्तरका तीन चारवटा दलभित्र लुटेराका ओस्ताजहरू त धेरै छन् । ओस्ताजले दलमा मात्र होइन राज्य प्रशासनमै आफ्नो प्रभुत्व स्थापित गरिसकेका छन् । मुख्य ओस्ताजको नाइकेले दिने हुकुमी आदेशलाई सहायक ओस्ताजहरूले दलभित्र र राज्य प्रशासनमा कार्यान्वयन गराउँछन् । तर्क र बहस कसैले गर्न पाउँदैनन् । विमति जनाउनेले कारबाहीमा मात्र होइन पार्टीबाटै निष्कासित हुनुपर्ने अवस्था छ । नेकपा एमालेका अध्यक्ष एवं सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली अहिले दलीय ओस्ताजको नाइके मात्र होइन सत्तासीन दल र ओस्ताजहरूमध्येकै मुख्य नाइके मानिन्छन् । नेकपा एमाले पार्टीभित्रका राधिका शाक्य, ईश्वर पोखरेल, गोकुल बाँस्कोटा, राजेश बज्राचार्य र सूर्य थापा क्षेत्री सो दलका अन्य ओस्तजहरू हुन् । यसैगरी नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, आरजु राणा देउवा, बालकृष्ण खाँणलगायतका कतिपय व्यक्तिको भूमिका दलीय ओस्ताजकै रूपमा छ । यो प्रवृत्ति अधिकांश दलमा विस्तारित भइसकेको छ । यसमध्ये कतिपय दलकै नेता कार्यकर्ता पनि ओस्ताज प्रवृत्तिको विरुद्धमा छन् ।

ओस्ताज नाइकेले पार्टीको संगठनात्मक शृंखला नै आफ्नो कब्जामा लिएका छन् । केन्द्रीय कमिटी, सचिवालय र हाई कमान्ड त देखाउने दाँत मात्र हुन् । उनीहरूको कर्तव्य त ओस्ताज नाइकेको आदेश कार्यान्वयन गर्ने मात्र हो । यो लोकतान्त्रिक दलभित्रकै गैरलोकतान्त्रिक व्यवहारको पराकाष्ठा हो । स्वेच्छाचारी प्रवृत्तिले करिब एक दशकदेखि नै मुलुक आर्थिक मन्दीतिर धकेलिँदै आएको छ । रोजगारी ठप्प नै छ । शिक्षा र स्वास्थ्यको निम्ति छुट्याइने अर्बौं बजेट दुरुपयोग भइरहेको छ । स्तरयुक्त शिक्षाकै निम्ति विद्यार्थी भने विदेसिन विवश छन् ।

मुलुकमा सालिन्दा ५ लाख रोजगार उत्पादन हुन्छन्, तर त्यसमध्येका करिब २०/२५ हजारले मात्र रोजगारीको अवसर पाउँछन् । अरू सबैलाई सरकारले नै विदेसिन बाध्य पार्दै आएको छ । कृषियोग्य फाँटहरू बाँझिएका छन् । श्रमजीविहरू विदेशिएका छन् । कृषि र उद्योगको अवस्था दयनीय छ । पर्यटन व्यवसाय उकासीन सकेको छैन । आन्तरिक उत्पादन निराशाजनक भएपछि आयात अत्यधिक बढेको छ । व्यापारघाटा तीव्र दरमा वृद्धि भइरहेको छ । शिक्षा स्वास्थ्य र यातायात क्षेत्र धराशायी बनेको छ । प्रभावशाली मानिएका राजनीतिक दलहरू नै शीर्ष नेतृत्वको कारण जनताको नजरबाटै गिर्दै गएका छन् । सीमित धनाढ्य समूहकै राजनीतिमा वर्चस्व भएकाले पुँजी निर्माणबाट आमनागरिकले अलगिनुपर्ने अवस्था छ । राष्ट्रिय पुँजी नै धनाढ्य समूहको कब्जामा परेको माथिको दृष्टान्तले नै प्रमाणित गर्छ ।

राज्य सञ्चालक राष्ट्रघाती लुटेराले समाजवाद, आर्थिक तथा सामाजिक न्याय दिने भ्रामक वक्तव्य जनताकै निम्ति घातक बन्दै छ । भ्रामक वक्तव्यले दलीय नाइकेलाई आफैं जनताबाट नंग्याएको छ । राष्ट्रघाती लुटेराले लगाउने नारा उनीहरूकै परिवार, सहयोगी, आसोपासे र खेताला, दलाल र कार्यकर्ताकै निम्ति मिल्दो छ तर यसलाई सर्वसाधारण जनतासम्म पुग्नै दिइएको छैन । प्रभावशाली दलकै ओस्ताजका नाइकेहरू क्रमशः केपी शर्मा ओली, शेरबहादुर देउवा र पुष्पकमल दाहाल (प्रचण्ड) पछिल्लो समयमा भइरहेको सार्वजनिक संस्थाको विनाशमा उद्यत देखिएका छन् । एकातिर मुलुकमा लुटेराका नाइकेले आर्थिक प्रदूषण फैलाइरहेका छन् भने अर्कोतिर नेपाल वायु प्रदूषणमा विश्वकै अति प्रदूषित सातौं मुलुक र राजनधानी काठमाडौं आठौं प्रदूषित राजधानी बनेको छ । जनता भने राजनेता र प्रकृति प्रदूषणले उकुसमुकुस जीवन गुजारा गर्न विवश छन् ।

राष्ट्रघाती लुटेराकै भरौटेको समाजमा बाहुल्य छ । लोकतन्त्रमा जन्मिएका नवसामन्तले राज्य प्रशासन नै पकडमा पार्दा जनताले जनप्रशासन र न्यायकै अनुभूति गर्न पाएका छैनन् । विकास निर्माणमा हुने कमीसनखोरीले योजना परियोजना लथालिंग छन् । निर्माणको दायित्व लिने कम्पनी र ठेकेदारले राज्य सञ्चालकलाई खरिद गरी निश्चिन्त बस्छन् । समयमै निर्माण सम्पन्न किन भएन ? प्रधानमन्त्री नै औंल्याउन सक्दैनन् । जनताले भने सधैं सास्ती भोगिरहेका छन् । ठूला योजना, परियोजना र महत्वपूर्ण राष्ट्रिय प्रतिष्ठान आफैं सञ्चालन गर्ने हिम्मत सत्तासीन व्यक्तिमा छैन । यस्ता राष्ट्रिय सम्पत्ति विनास गर्ने क्रम बढिरहेको छ । सार्वजनिक सरकारी जग्गा सबै लुटेराले कब्जा गरिसकेका छन् । समानुपातिक विकास निर्माण राष्ट्रघाती लुटेराकै नारामा सीमित छ । पछिल्लो एक दशकमै मात्र वैदेशिक ऋण चार गुणाले बढेको छ । तर मुलुक भने भिखारी भइरहेको छ । मुलुक यो अवस्थामा पुऱ्याउने लोकतान्त्रिक शासक अरू कोही नभए केपी शर्मा ओली, शेरबहादुर देउवा, पुष्पकमल दाहाल (प्रचण्ड) नै भएको जनप्रतिक्रिया पनि उनीहरूले सुनेकै छन् । जनताबाट मात्र होइन नेकपा एमाले, नेपाली कांग्रेस र नेकपा माओवादीकै नेता कार्यकर्ताबाट आइरहेको यो टिप्पणी यदि गलत भए वर्तमान एवं पूर्वसम्माननीय प्रधानमन्त्री तीनै जनाले सामूहिक रूपमै बताइदिनुहोस् मुलुकलाई यो अवस्थामा पुऱ्याउने को हो ?

राजधानीबाट

# कर्मचारीले गरे रक्तदान

बुटवल । नेपाल निजामती कर्मचारी संगठन रुपन्देहीले खुल्ला रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । १३औं नमराज दिलिप स्मृति दिवसको अवसरमा बुधबार रक्तदान कार्यक्रम आयोजना गरिएको हो ।

नेकपा (एमाले) रुपन्देहीका अध्यक्ष यज्ञ गैरेले ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको उद्धाटन गरे । सोही अवसरमा बोल्दै उनले यस्ता रचनात्मक कार्यक्रमहरू सबै ठाउँमा गर्नुपर्नेमा जोड दिए । एक पोका रगतले पनि मृत्यु शैयामा पुगेको मानिसको जीनव बच्न सक्ने भन्दै उनले रक्तदान जस्तो पवित्र कार्यक्रमको आयोजना गर्ने संगठनप्रति विशेष आभार प्रकट गरे । अध्यक्ष गैरेले नमराज-दिलिपको स्मृतिमा प्रतिष्ठान बनाउन पार्टीले पहल गर्ने बताए । उनले यस्ता कार्यक्रमहरु निरन्तर गरिरहन संगठनलाई सुझाव दिए ।

कार्यक्रममा निजामति कर्मचारी संगठन लुम्बिनी प्रदेश सह-इञ्चार्ज नारायणप्रसाद भण्डारी, नेपाल स्वास्थ्य प्राविधिक संघका केन्द्रीय अध्यक्ष वसन्त श्रेष्ठलगायतले बोल्दै रगत दानभन्दा ठुलो अरू दान हुन नसक्ने बताउँदै संगठनलाई बलियो बनाउन एकजुट भइ अघि बढ्नुपर्ने बताए ।

नेपाल निजामति कर्मचारी संगठन रुपन्देहीका अध्यक्ष कमल पराजुलीले अस्पतालहरुमा देखिएको रगतको अभावलाई केही हदसम्म भएपनि कम गर्ने उद्देश्यले रक्तदान कार्यक्रम आयोजना गरिएको बताए । संगठनले रहेक वर्ष नमराज-दिलिप स्मृति दिवसको अवसरमा चैत ६ गते रक्तदान कार्यक्रम गर्दै आइरहेको उनले बताए । आफ्नो अमूल्य रगत दान गर्ने रक्तदातालगायत अन्य सहयोगीहरुलाई धन्यवाद दिँदै अध्यक्ष पराजुलीले आगामी दिनमा पनि संगठनले यस्तै रचनात्मक काम गर्ने प्रतिबद्धता जनाए ।

निजामती कर्मचारी संगठन नीति अनुसन्धान आयोगका सचिव काशीराम आचार्य, केन्द्रीय सदस्य तथा रुपन्देहीका निवर्तमान अध्यक्ष प्रेमप्रसाद खनाल, केन्द्रीय सदस्य रमेश पाण्डे, विज्ञान प्रविधि आयोगका सदस्य खगराज उपाध्याय, एमाले रुपन्देहीका जिल्ला कमिटी सदस्य तथा पेशागत इञ्चार्ज मेघदेव पन्त, निजामती कर्मचारी संगठन लुम्बिनी प्रदेशका अध्यक्ष नेत्र आचार्य, नमराज श्रेष्ठकी आमा याचुकुमारी श्रेष्ठ, श्रीमती पदमकुमारी श्रेष्ठलगायतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो ।

रक्त सञ्चार सेवा केन्द्र बुटवलको प्राविधिक सहयोगमा सम्पन्न भएको रक्तदान कार्यक्रममा हालसम्मकै धेरै ६३ यूनिट रगत संकलन भएको थियो । वि.सं २०६८ साल चैत ६ गते कार्यालयतर्फ जाँदै गरेको अवस्थामा नमराज श्रेष्ठ र दिलिप न्यौपाने सवार मोटरसाईकललाई बुटवलको मिलनचोकमा टिप्परले ठक्कर दिँदा घटनास्थलमै मृत्यु भएको थियो । कार्यक्रम संयोजक तथा संगठनका केन्द्रीय प्रतिनिधि नरमाया श्रीसको स्वागत तथा रुपन्देहीका सचिव पदम थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# स्याङ्जा जान बिर्सेर ३६ वर्षदेखि बुटवलमै रमाएका बालनरसिंह

बुटवल । बुटवलको पुरानो छाप्रे बजार हाल व्यस्त हाटबजारमा परिणत भएको छ । यही हाटबजारको भीडभाडबिच उमेरले ८० कटिसकेका बालनरसिंह थापा ३० वर्षदेखि यही छन् ।

बाल्यकालमै स्याङ्जाबाट भारत गएका उनी भारतबाट घर फर्किन बुटवल आएका थिए । तर स्याङ्जा जाने बाटो बिर्सेर बटौलीमा हराएका बालनरसिंहले तीन दशकदेखि बुटवलमै एकै ठाउँमा बसेर आफ्नो श्रमलाई कर्म बनाएका छन् ।

स्याङ्जाको ओरस्टे गाउँमा जन्मिएका बालनरसिङ् युवावस्थामा संघर्षकै बिच हुर्किए । सानैदेखि परिवारका लागि केही गर्ने अभिलाषा थियो । गाउँमा खासै अवसर नदेखेपछि उनले भारत जाने निर्णय गरे । त्यतिबेला खस्यौली बजार आसपासमा खयरघारी थियो, त्यो खयरघारी भएको बटौली उनी फर्किदा बजारमा परिणत भएकाले यतै काम गर्ने निधो गर्दै स्याङ्जा जान बिर्सेर बुटवलमै बसेको बताउँछन्, बालनरसिङ ।

उनले स्याङ्जामा रहँदा आफ्नो जीवनयापनको लागि भारत जाने बाहेक अन्य विकल्प देखेनन् ।

सुरुवाती दिनहरूमा भारतको विभिन्न स्थानमा कठिन यात्रा तय गरेर २०४६ सालतिर नेपाल फर्किदा उनीसँग पैसा कम थियो, बस्ने ठाउँ थिएन । उनी २०४६ सालको सुरुवातिमा बुटवलमा अल्लमिएर कामको खोजी गर्ने क्रममा बुटवल हाटबजारका मिठाइ व्यवसायी अनन्त हलुवाइसँग भेट भए । पछि उनले थोरै पारिश्रमिक दिने शर्तमा काम दिने भएपछि उनी फेरि परिश्रम गर्नको लागि हिम्मत हारेनन् । पसिना बगाउँदै, आफ्नो कामलाई निरन्तरता दिइरहने निधो गरे । बुटवलमा आएपछि उनले गरेको मेहनत आज पनि उही छ । तीन दशकभन्दा बढी बितिसक्दा पनि, उनी हरेक बिहान उस्तै उत्साहका साथ आफ्नो काममा लाग्छन् । सोही स्थानमा उनले ग्राहकहरूको विश्वास जिते, मित्रता गाँसे, र बिस्तारै समुदायकै अभिन्न हिस्सा बने ।

बालनरसिंह भन्छन्-'मानिस परिवर्तन खोज्छ, तर कहिलेकाहीँ निरन्तरता नै असल कर्म हो । यही ठाउँमा ३६ वर्ष बित्दा थाहा भयो, इमानदारी र परिश्रमले जीवनलाई सार्थक बनाउँछ ।' आज उनले ठूलो सम्पत्ति कमाएका छैनन्, तर मनग्य सन्तुष्टि छ । ग्राहकहरूले उनलाई सम्मान गर्छन् ।

उनी अहिले उमेरले ढल्किएका छन्, तर काम छोड्ने सोंचमा छैनन् ।

'जबसम्म शरीरले साथ दिन्छ, म यहीँ नै रहन्छु ।'-उनी मुस्कुराउँदै भन्छन् ।

बुटवलको हाटबजार क्षेत्रमा रहेको अनन्त मिठाइ पसलको नाम 'अनन्त' राख्नु पनि संयोग मात्र होइन । नाम जसरी नै, बालनरसिंह थापाको मेहनत पनि अनन्त छ । बिहान सबेरैदेखि बेलुकीसम्म उनको पसल खुलेको हुन्छ । यहाँ आउने ग्राहकहरू केवल मिठाइ खान मात्र होइन, उनको आत्मीयताका लागि पनि आउँछन् ।

उनलाई सानो उमेरमै परिवारको जिम्मेवारी बहन गर्ने र जीविकोपार्जनका लागि भारतको विभिन्न स्थानमा गई काममा लाग्नुपऱ्यो ।

बालनरसिंहले निरन्तर तीन दशक काम गरेकाले पनि 'अनन्त मिठाइ पसल' बुटवल हाटबजारको एउटा चिनारी जस्तै बनेको छ ।

सन्तानहरूले 'अब आराम गर्नुस्' भन्दा पनि उनीकाम गर्न छाडेका छैनन् । 'काम गर्न छोडेपछि जीवनमा सार के रहन्छ ?,' उनी भन्छन्-जबसम्म सकिन्छ, काम गरेर ग्राहकलाई खुसी पार्छु ।'

बालनरसिंह थापा समर्पण, इमानदारी र श्रमशीलताको जिउँदो उदाहरण भएको उनलाई चिन्नेहरु बताउँछन् । 'बालनरसिंहको जीवन र व्यक्तित्व प्रेरणादायी छ ।'-अनन्त मिठाइ पसलका नियमित ग्राहक गोबिन्द ज्ञवालीले भने ।

» *भिम कार्की(प्रशिक्षार्थी )*

# त्रिभुवन बहुमुखीको अध्यक्षमा अखिल क्रान्तिकारी, सचिवमा नेविसंघ



पाल्पा । तानसेनस्थित त्रिभुवन बहुमुखी क्याम्पसमा स्वतन्त्र विद्यार्थी युनियनको सभापतिमा अनेरास्ववियु क्रान्तिकारीका मिलन घर्तीमगर विजयी भएका छन् । बुधबार सम्पन्न अन्तिम मतगणनामा घर्तीमगरले कूल खसेको मतमा ३ सय ९० प्राप्त गरी विजयी भएका हुन् ।

उनका निकटतम प्रतिद्वन्द्वी नेपाल विद्यार्थी संघका कृष्ण अर्याललले ३ सय ४२ मत प्राप्त गरेको निर्वाचन अधिकृत जीवनबहादुर थापाले जानकारी दिए । अन्य अधिकांश पदहरुमा भने नेपाल विद्यार्थी संघले विजयी प्राप्त गरेको छ ।

सचिवमा नेपाल विद्यार्थी संघका शुसिल बस्याललले अत्यधिक मतका साथ विजय प्राप्त गरेका छन् । उनले ५ सय १७ मत प्राप्त गरी निर्वाचित भए । उनका निकटतम प्रतिद्वन्द्वी अखिल क्रान्तिकारीका विपिन पंगेनीले ३ सय ३२ मत पाए । कोषाध्यक्षमा नेपाल विद्यार्थी संघकी मिस्मा रानाले ४ सय १६ मत पाइन् भने उनका निकटतम् प्रतिद्वन्द्वी गंगादेवी बाह्रघरेले ३ सय ४५ मत पाएकी छन् ।

यस्तै सदस्यहरूमा नेविसंघका आशिका विश्वकर्माले ३ सय ९०, तोरण रास्कोटीले ३ सय ८७, नविन थापाले ३ सय ९८, बविता थापाले ४ सय ५, सुजल भट्टराईले ४ सय ५२, नेविसंघकै प्यानलबाट उम्मेदवारी दिएकी अखिल छैठौंकी ज्योति दर्लामीले ४ सय २६ र अखिल क्रान्तिकारीकी इच्छा थापाले ३ सय ६० मत प्राप्त गरी विजयी भएको निर्वाचन अधिकृत थापाले जानकारी दिए । यहाँ एक हजार ८ सय ९४ मतदाता रहे पनि १ हजार २ सय २८ मत खसेको थियो । १९ पदका लागि निर्वाचन भएको थियो । १० पदमा प्रत्यक्ष निर्वाचनबाट नेतृत्व चयन भएको हो । प्रत्यक्षतर्फ अध्यक्ष, सचिव, कोषाध्यक्षसहित १० पदमा नेतृत्व निर्वाचित भएको छ । यस्तै यस्तै ९ पदमा भने सङ्गठनले पाएको मतको आधारमा समानुपातिक सदस्य चुनिने छन् ।

## डिभिजन वन कार्यालय, कपिलवस्तु (कपिलवस्तु), तौलिहवाको अनुरोध

**प्रकाशन मिति: २०८१।१२।०७**

बढ्दो गर्मी मौसमसँगै विगतका वर्ष झै वन डढेलोका घटनाहरु सुरु भैसकेकोले यसको नियन्त्रण तथा व्यवस्थापन गर्न सामुदायिक वन, साझेदारी वन, धार्मिक वन लगायतका उपभोक्ताहरुले वन डढेलो नियन्त्रणको पूर्व तयारी गरी आ-आफ्नो वनक्षेत्रमा स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम अग्नि रेखा निर्माण/मर्मत तथा सरसफाई जस्ता वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका क्रियाकलापहरु सन्चालन गरी वन डढेलो हुन नदिन र भई हालेमा उपलब्ध श्रोत साधनको उच्चतम प्रयोग गरी आवश्यकतानुसार नजिकको सव-डिभिजन वन कार्यालय, सुरक्षा निकाय, स्थानिय तह समेतको सहयोग लिई नियन्त्रण गर्न गराउन हुन अनुरोध गरिन्छ । साथै, वनमा आगो लगाउने वा आगलागि हुन जाने कुनै कार्य गर्नेलाई वन ऐन २०७६ को दफा ५० को उपदफा (४) बमोजिम क्षति भएको विगो असुल गरी तीन वर्ष सम्म कैद वा साठी हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुने भएकोले वनमा आगो लगाउने व्यक्तिको सूराक दिने वा अपराधी पक्राउ गर्न सहयोग गर्नु हुन समेत अनुरोध गरिन्छ ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रा.लि. दर्ता नं. १३७२३१, मा दर्ता भएको साई कृपा चिया प्याकेजिङ्ग उद्योग प्रा.लि. को मिति २०८१/१०/१७ मा सम्पन्न विशेष साधारण सभा तथा कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/१२/०५ को निर्णय अनुसार कम्पनीको सम्पूर्ण दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने गरी उक्त कम्पनीको नाम साई कृपा चिया उद्योग प्रा.लि. (Sai Kripa Chiya Udhyog Pvt. Ltd.) कायम गरिएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ ।

## बुटवल उपमहानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बुटवल, रूपन्देही लुम्बिनी प्रदेश

## रायसुझाव सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/७**

वातावरण संरक्षण नियमावली २०७७ को नियम ७ को उपनियम (२) सँग सम्बन्धित, अनुसूची ९ बमोजिम बुटवल उपमहानगरपालिका अन्तर्गत पर्ने ११, १२, १३, १४ र १५ नं. वडा स्थित दानव नदीबाट निस्कने मिस्कट, ढुङ्गा र बालुवा (नदीजन्य पदार्थ) आदि सङ्कलन तथा उत्खनन् कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन ( IEE) प्रतिवेदन तयारीका लागि प्रकाशित सूचना ।
लुम्बिनी प्रदेश, रूपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका, नगरकार्यपालिका द्वारा निम्न बमोजिको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम | ठेगानाः बुटवल उपमहानगरपालिका नगरकार्यपालिका, बुटवल-४, रूपन्देही, लुम्बिनी प्रदेश<br>इमेल : info@butwalmun.gov.np/bsmc.revenue@gmail.com<br>वेवसाइट : WWW.butwalmun.gov.np<br>फोन नं. : ०७१-५४००३५/०७१-५३१९०३ |
| प्रस्तावको व्यहोरा | बुटवल उपमहानगरपालिका अन्तर्गत ११,१२, १३, १४ र १५ नं. वडा स्थित दानव नदीवाट मिस्कट, ढुङ्गा र बालुवा (नदीजन्य पदार्थ) आदि सङ्कलन तथा उत्खनन् कार्य गर्दा सामाजिक, आर्थिक, भौतिक, जैविक, र धार्मिक-साँस्कृतिक वातावरणमा पर्ने प्रत्यक्ष-अप्रत्यक्ष (सकारात्मक र नकारात्मक) असरहरूबारे अध्ययन विश्लेषण गरी बिक्री वितरण, निकाशी र आन्तरिक राजस्वमा वृद्धि गर्नु । |
| प्रभाव पर्न सक्ने जिल्ला/ न.पा./ गा.पा र वडा | रूपन्देही जिल्ला, बुटवल उपमहानगरपालिका अन्तर्गत दानव नदीमा पर्ने ११, १२, १३, १४ र १५ नं. वडा साथै पश्चिममा सैनामैना नगरपालिका । |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको सामाजिक, आर्थिक, भौतिक, जैविक - प्राकृतिक र धार्मिक-साँस्कृतिक क्षेत्रमा के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानमा रहको वडा, विद्यालय, अस्पताल, स्वास्थ्य संस्था, भौतिक पूर्वाधार, संघसंस्था तथा स्थानीय बासिन्दाहरूको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नाम : बुटवल उपमहानगरपालिका,<br>ठेगाना :बुटवल उपमहानगरपालिकानगरकार्यपालिका, बुटवल -४, रूपन्देही, लुम्बिनी प्रदेश<br>इमेलः info@butwalmun.gov.np/bsmc.revenue@gmail.com<br>वेवसाइटः WWW.butwalmun.gov.np<br>फोन नं. : ०७१-५४००३५/०७१-५३१९०३ |
| परामर्श संस्थाको नाम र ठेगाना | नाम : चन्द्रा रिसर्च कन्सल्टेन्सी प्रा. लि.<br>ठेगाना : पाणिनी गापा-६, अर्घाखाँची, लुम्बिनी प्रदेश<br>मो.नं. : ९८५७०६३६३३ कृष्णप्रसाद पौडेल / ९८४७१०७१४१ (तुल्सी घिमिरे प्रबन्ध निर्देशक)<br>इमेल : chandraresearchc@gmail.com/krishnapaudel99@gmail.com |

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
GBSCCL
Gramin Balmiki Savings & Credit Cooperative Limited

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट-७ को तपशिलका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**( प्रकाशित मिति २०८१/१२/०७ गतेको लुम्बिनी राष्ट्रिय दैनिक पत्रिका )**

तपशिलका ऋणी सदस्यहरुले यस सहकारी संस्था बाट लिनु भएको ऋण रकम यस सहकारी संस्थासंग गर्नु भएको ऋण सम्झौताको शर्त बमोजिम तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज भुक्तान नगरी, नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उल्लघंन गर्नु भएको र सहकारीबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तारताकेता गर्दा समेत सो कर्जाको तिर्नुपर्ने साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस ) दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्नु हुन अनुरोध गरिन्छ । उल्लेखित मिति भित्रमा सहकारी संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण कर्जा, व्याज तथा हर्जाना समेत चुक्ता भुक्तान नभएमा वा बुझाएको भए त्यसको प्रमाण पेश गर्न हुन अनुरोध गरिन्छ । यस सहकारी संस्थालाई कर्जा सुरक्षण वापत लेखिदिनुभएको तपशिल बमोजिमको चल/अचल सम्पती प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि धितो लिलाम बिक्री गरी अथवा सो बाट आफ्नो लेना असुल उपर नभएमा तपाई ऋणी सदस्य तथा सम्बद्ध पक्ष समेतको अन्य चल/अचल श्रीसम्पतीबाट वा अन्य प्रचलित कानून बमोजिम कार्वाही गरी सहकारी संस्थाले आफ्नो लेना रकम अशुल उपर गर्ने प्रकृया अगाडि बढाईने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

तपशिल

| क.सं. | ऋणीको विवरण | धनजमानी/ धितो जमानी दिने व्यक्तीको विवरण | धितोको विवरण | ऋण रकम (रु.) |
|---|---|---|---|---|
| १ | **नाम** : पोमिल लामिछाने<br>**बाबुको नाम** : लिला लामिछाने<br>**बाजेको नाम** : दिनानाथ लामिछाने<br>ठेगाना : बर्दघाट-१०, ध्रुवटोल ,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७७७७२<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/१२/१६ | **नाम** : शान्ता भुजेल लामिछाने<br>**पतिको नाम** : पोमिल लामिछाने<br>**ससुराको नाम** : लिला लामिछाने<br>**ठेगाना** : बर्दघाट-१०, ध्रुवटोल,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३६१०५८/३४४<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६६/१२/२२ | शान्ता भुजेल लामिछानेको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक तिलकपुर वडा नं./ नक्सा सिट नं. ३ ग कित्ता नं. १३७८ र १३८२ को क्षेत्रफल क्रमश ०-०-११-२ विघा र ०-०-११-२ विघा को जग्गा, सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : २८,२७,५००/-<br>व्याज : ११,४०,५६६/-<br>हर्जाना : ४,०५,९८८/-<br>कुल : ४३,७४,०५४/- |
| २ | **नाम** : लिला लामिछाने<br>**बाबुको नाम** : दिना नाथ लामिछाने<br>**बाजेको नाम** : बनारस लामिछाने<br>**ठेगाना** : बर्दघाट-१०, ध्रुवटोल ,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ३४०१९<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०३९/०५/१७ | **नाम** : गोविन्द लामिछाने<br>**बाबुको नाम** : लिला लामिछाने<br>**बाजेको नाम** : दिना नाथ लामिछाने<br>**ठेगाना** : बर्दघाट-१०, ध्रुवटोल,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. ३६१०५८/३१४<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६६/१०/२० | लिला लामिछानेको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक तिलकपुर वडा नं./नक्सा सिट नं. ३ ख कित्ता नं. १३९८ को क्षेत्रफल ०-०-८-० विघा को जग्गा, सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : रु.६,४०,८००/-<br>व्याज : रु.२,०६,६३८/-<br>हर्जाना : रु.६०,१२७/-<br>कुल : रु.९,०७,५६५/- |
| ३ | **नाम** : धनमाया ढकाल<br>**पतिको नाम** : चन्द्रकान्त ढकाल<br>**ससुराको नाम** : सदाखर ढकाल<br>**ठेगाना** : बर्दघाट-९, सुनटाडी ,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८८२३<br>जि.प्र.का. : रुपन्देही<br>जारी मिति : २०५६/१०/०५ | **नाम** : चन्द्रकान्त ढकाल<br>**पतिको नाम** : सदाखर ढकाल<br>**ससुराको नाम** : तिलकराम ढकाल<br>**ठेगाना** : बर्दघाट-९, सुनटाडी ,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : २३६८<br>जि.प्र.का. :स्याङजा<br>जारी मिति : २०४४/०९/१० | धनमाया ढकालको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक जहदा वडा नं./ नक्सा सिट नं. ४ ख कित्ता नं. ४७८ को क्षेत्रफल ०-४-१४-० विघाको जग्गा, सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : रु.५,४६,०००/-<br>व्याज : रु.१,२१,९७२/-<br>हर्जाना : रु.२७,८३१/-<br>कुल : रु.६,९५,८०३/- |
| ४ | **नाम** : लक्ष्मी भट्टराई<br>**पतिको नाम** : विष्णु प्रसाद भट्टराई<br>**ससुराको नाम** : हिमलाल भट्टराई<br>**ठेगाना** : बर्दघाट-१४, गंगावस्ती,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ८५००८<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६२/०९/२६ | **नाम** : विष्णु प्रसाद भट्टराई<br>**बाबुको नाम** : हिमलाल भट्टराई<br>**बाजेको नाम** : नदिश्वर भट्टराई<br>**ठेगाना** : बर्दघाट-१४, गंगावस्ती,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६०८०६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५८/०८/२० | लक्ष्मी भट्टराईको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं./ नक्सा सिट नं. ७ च कित्ता नं. ८० को क्षेत्रफल ०-२-०-० विघा को जग्गा, सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | साँवा : रु.२३,१२,४९०/-<br>व्याज : रु.५,२७,३३०/-<br>हर्जाना : रु.१,६०,०३७ /-<br>कुल : रु.२९,९९,८५७/- |

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.
GBSCCL
Gramin Balmiki Savings & Credit Cooperative Limited

## ग्रामीण वाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि. बर्दघाट-७ को तपशिलका ऋणी सदस्यहरुलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

( प्रकाशित मिति २०८१/१२/०७ गतेको लुम्बिनी राष्ट्रिय दैनिक पत्रिका )

यस ग्रामीण बाल्मिकी बचत तथा ऋण सहकारी संस्था लि.बाट तपाई तपशिलमा उल्लिखित ऋणीहरुले लिनु भएको ऋण कर्जाको यस सहकारी संस्थासंग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना तथा अन्य दै दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तारताकेता गरिएको एवम मिति २०८१।०८।१५ गते राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा, व्याज, हर्जाना तथा अन्य दस्तुर नतिरी नबुझाई सहकारी संस्थासंग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लघंन गर्नु भएकोले सहकारी संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपशिल बमोजिमको सम्पति जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी सहकारी संस्थाको नियमनानुसार लिलाम प्रकृयाद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ती तथा संस्थाहरुले सहकारी संस्थाबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ३५ ( पैतिस ) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त हुन आएका बोलपत्रहरु ३६ ( छत्तिसौ ) दिन (बोलपत्र बुझाउने अन्तिम दिन /खोल्ने दिन बिदा परेमा बिदाको लगतै संस्था खुलेको दिनमा बोलपत्र बुझाउने /खोलिने हुँदा) तपशिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता /बोलपत्रवाला वा निजको आधिकारिक प्रतिनिधि, ऋणी, धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितो लिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तरगत ऋणी, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि सहकारी संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारवाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यस सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र धनी सहकारी संस्था मा सम्पर्क यथा शिघ्र कर्जा भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

तपशिल

| क.सं. | ऋणीको विवरण | धनजमानी दिने व्यक्तीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम** : सृष्टि गुरुङ<br>**पतिको नाम** : राज गुरुङ्ग<br>**ससुराको नाम** : गणेश बहादुर गुरुङ्ग<br>**ठेगाना** : बर्दघाट-१४, शुक्रवस्ती,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ६७३०२<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५९/१२/०२ | **नाम** : राज गुरुङ्ग<br>**बाबुको नाम** : गणेश बहादुर गुरुङ्ग<br>**बाजेको नाम** : टिका गुरुङ्ग<br>**ठेगाना बर्दघाट**-१४, शुक्रवस्ती , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ५३३२०<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०५६/१२/२३ | सृष्टि गुरुङको नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक दाउन्नेदेवी वडा नं. ८ ख कित्ता नं. ३६४ को क्षेत्रफल ०-०-११-१ विघा को जग्गा , सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| २ | **नाम** : श्री किसुन चौधरी<br>**बाबुको नाम** : रुप नारायण चौधरी<br>**बाजेको नाम** : दल सिङ्गार<br>**ठेगाना** : बर्दघाट-१, माकर , नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. : ७७६९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०६१/१२/१५ | **नाम** : माया चौधरी<br>**पतिको नाम** : श्री किसुन चौधरी<br>**ससुराको नाम** :रुप नारायण चौधरी<br>**ठेगाना** : बर्दघाट-१, माकर, नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :३७१००२/२६९०५<br>जि.प्र.का. :रुपन्देही<br>जारी मिति : २०६६/०८/२२ | श्री किसुन चौधरी को नाममा मालपोत कार्यालय नवलपरासीमा दर्ता रहेको साविक माकर वडा नं. ७ घ कित्ता नं. २८१ को क्षेत्रफल ०-०-७-० विघा को जग्गा र साविक जहदा वडा नं. ९ क कित्ता नं. ७४६ को क्षेत्रफल ०-०-१५-० विघा को जग्गा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| ३ | **नाम** : विरेन्द्र कुमार थारु<br>**बाबुको नाम** : चतुरी थारु<br>**बाजेको नाम** : बालपुरी थारु<br>**ठेगाना** : बर्दघाट-१०, अमरदिप टोल ,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :११३६६<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति : २०४९/०५/०३ | **नाम** : बनौती कुमारी महतो थारु<br>**पतिको नाम** : विरेन्द्र कुमार थारु<br>**ससुराको नाम** : चतुरी थारु<br>**ठेगाना** : बर्दघाट-१०, अमरदिप टोल,<br>नवलपरासी (ब.सु.प.)<br>ना.प्र.प.न. :१४९५<br>जि.प्र.का. : नवलपरासी<br>जारी मिति २०५५/०८/११ | चतुरी थारु को नाममा मालपोत कार्यालय नवलपरासी मा दर्ता रहेको साविक तिलकपुर वडा नं. ८ कित्ता नं. ५८५ र ५९१ को क्रमश क्षेत्रफल ०-२-४-० विघा र ०-०-१३-० विघा को जग्गा, सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ‘बुटवलमा अपारदर्शी ढंगले १८४ ई-रिक्सा दर्ता’



बुटवल। बुटवलमा प्रधान कार्यालय रहेको हरियाली यातायातले इलाका प्रहरी कार्यालय बुटवलका नवआगन्तुक डीएसपीलाई स्वागत तथा सम्मान गरेको छ। यातायात कार्यालयमा एक कार्यक्रमका बिचमा इलाका प्रहरी कार्यालय बुटवलका डीएसपि इन्द्रबहादुर रानालाई स्वागत तथा सम्मान गरेको हो ।

कार्यक्रममा बोल्दै डीएसपी रानाले ई-रिक्साले महिला तथा युवालाई स्वरोजगार बनाएको बताउँदै दर्ता प्रक्रियामा गएर सञ्चालन गर्न आग्रह गरे । यातायातका साधनमा हिंड्ने चालकहरुले समाजका हरेक पक्षसँग सम्पर्कमा हुने भएकोले चालकहरु बिना बर्दिको प्रहरी भएको र अपराध न्युनिकरण गरी शान्ति सुरक्षा कायम गर्न सहकार्य हुने बताए ।

उनले सवारी दर्ता गर्दा दुर्घटनालगायतका कुराहरुमा सहयोगी हुने बताउँदै घाइते भएमा बिमामार्फत् उपचारमा सहयोगी बन्ने भएकोले दर्ता गर्न आग्रह गरे ।

कार्यक्रममा बोल्दै हरियाली यातायातका अध्यक्ष कृष्णप्रसाद तिवारीले बुटवल उप-महानगरले पछिल्लोपटक १८४ थान ई-रिक्सा दर्ता प्रकृयामा सम्बन्धित क्षेत्रका व्यवसायी समितिलाई बेवास्ता गरी अपारदर्शी ढंगले दर्ता गरेको बताए। यसबारे सत्य तथ्य बाहिर आउनुपर्ने उनको माग छ। कार्यक्रममा संस्थाका सचिव नारायण न्यौपाने, कोषाध्यक्ष प्रज्ज्वलशेखर बज्राचार्य, कार्यालय सचिव कमलप्रसाद पोखरेलले बोल्दै प्रहरी र हरियाली यातायातका चालक तथा व्यवसायी र प्रहरीबिच सहकार्य बलियो बनाउनुपर्ने बताएका थिए।

हरियाली यातायातमा अहिले २ सय बढी ई- रिक्सा संगठित छन् । बुटवल बजारमा करिब २५ सय ई-रिक्सा सञ्चालन भइरहेका छन् ।

पीएम कप क्रिकेटः

# पुलिस, सूदूरपश्चिम र मधेशको जित



भैरहवा । नेपाल पुलिस क्लब, सूदूरपश्चिम प्रदेश र मधेश प्रदेशले प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगितामा जित निकालेका छन् । बुधबार भएका तीन खेलमा पुलिसले गण्डकी, सुदूरपश्चिमले लुम्बिनी प्रदेश र मधेशले त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै जित निकालेका हुन् ।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा भएको खेलमा पुलिसले गण्डकी प्रदेशलाई ७ विकेटले हरायो । ९३ रनको झिनो लक्ष्य पुलिसले १६ ओभरमा ३ विकेट गुमाएर पूरा गर्यो । पुलिसको जितमा कप्तान दीपेन्द्रसिंह ऐरीले सर्वाधिक ५४ र अर्जुन साउदले १८ रनको योगदान गरे ।

बलिङमा गण्डकीका विपिन खत्री र सुवास भण्डारीले समान १-१ विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको गण्डकी २३.२ ओभरमा ९२ रन बनाउँदा अलआउट भयो । गण्डकीका अर्जुन कुमालले ४८ तथा रोहित चन्द र सुवास भण्डारी समान १०-१० रन बनाए पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । पुलिसका ललितकुमार राजवंशीले ५ विकेट हात पारे । उनले ५.२ ओभरमा ७ रन खर्चिएर । यसअघि ललितले एपीएफविरुद्ध ६, मधेशविरुद्ध ५ तथा सुदूरपश्चिमविरुद्ध ६ विकेट लिएका थिए । यस्तै, गुलशन झाले ४ विकेट लिए ।

यता रुपन्देहीको तिलोत्तमास्थित एक्स्ट्राटेक ओभल क्रिकेट मैदानमा भएको अर्को खेलमा सुदूरपश्चिम प्रदेशले लुम्बिनी प्रदेशलाईलाई ५ विकेट हरायो । लुम्बिनीले दिएको १ सय १७ रनको लक्ष्य सुदुरपश्चिमले ३१.१ ओभरमा ५ विकेट गुमाएर पूरा गर्यो । सुदुरपश्चिमको जितमा किरणकुमार ठगुन्नाले नटआउट रहँदै सर्वाधिक ४३ रन जोडे । यस्तै, नारायण जोशीले अविजित २५ र प्रकाश पाण्डेले २२ रन बनाए । लुम्बिनीका रमेश कुर्मीले २ तथा विप्रशन केसी, अजय चौहान र निर्मल गुरुङले समान १-१ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको लुम्बिनी ४४.१ ओभरमा १ सय १६ रनमा अलआउट भयो । लुम्बिनीका लागि कप्तान देव खनालले सर्वाधिक ४१ र प्रज्ज्वल थापाले ३० रन जोडे पनि अन्य ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन् । लुम्बिनीलाई सस्तैमा समेट्न सुदुरपश्चिमका हेमन्त धामीले ४ तथा सौय श्रेष्ठ, शेर मल्ल र मिलन बोहराले समान २-२ विकेट लिए ।

यस्तै, दाङको लमहीस्थित देउखुरी क्रिकेट मैदानमा भएको खेलमा मधेश प्रदेशले त्रिभुवन आर्मी क्लबमाथि ३ विकेटको जित हात पारेको हो । आर्मीले दिएको २ सय १८ रनको लक्ष्य मधेशले ४८ ओभरमा ७ विकेट गुमाएर पूरा गर्यो । मधेशको जितमा कप्तान अनिल साहले सर्वाधिक ४५ रन जोडे । यस्तै, रुपेश सिंहले नटआउट ३८, हरिशंकर साह र पवन सराफ समान ३७ तथा शैलेन्द्र साहले १५ रन बनाए । आर्मीका नरेन साउदले ३ तथा सोमपाल कामी र बसिर अहमदले समान २-२ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको आर्मीले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २ सय १७ रन बनाएको थियो । आर्मीका लागि भीम सार्कीले सर्वाधिक ८९ रन जोडे । सन्तोष कार्की ३३, कुशल मल्ल २४, विवेक यादव १६, तृत राज दास १४, कप्तान विनोद भण्डारी ११ तथा बसिर अहमद १० रनमा आउट भए । मधेशका लागि पवन सराफ, कमल गुप्ता र रुपेश सिंहले समान २-२ तथा रञ्जित कुमारले १ विकेट लिए ।

# मोतियाबिन्दु भएका व्यक्तिहरूको निःशुल्क शल्यक्रिया



**तिर्थराज डुम्रे**

*चोरमारा*

विनयी त्रिवेणी गाउँपालिकाले गाउँपालिका भित्रका मोतियाबिन्दु भएका व्यक्तिहरुको निःशुल्क शल्यक्रिया सुरु गरेको छ। गाउँपालिकाको विभिन्न पाँच वटा केन्द्रमा मोतियाबिन्दु परीक्षण गरेको थियो। सात सय ९५ जनाको मोतियाबिन्दु परीक्षण गर्दा एक सय ६१ जनालाई मोतियाबिन्दु देखिएको गाउँपालिकाका उपाध्यक्ष भगवती बैदवार क्षेत्रीले बताइन् ।

गाउँपालिकाले मोतियाबिन्दु भएका व्यक्तिहरुको छनोटका लागि नेत्रज्योति संघ नवलपरासी पूर्व र नेत्रज्योति संघ, भरतपुर आँखा अस्पताल, चितवनसँगको समन्वयमा चैत्र ३ गते बेनिमणीपुर स्वास्थ्य चौकी सर्दी र कुडापानी स्वास्थ्य इकाईमा मोतियाबिन्दु परीक्षण गरिएको थियो। यस्तै चैत्र ४ गते विनयी त्रिवेणी गाउँपालिका वडा नं. ६ र ७ का लागि त्रिवेणी सुस्ता स्वास्थ्य चौकी, त्रिवेणीमा परीक्षण गरिएको उपाध्यक्ष बैदवारले जानकारी दिइन् । चैत्र ५ गते भानुदय माध्यामिक विद्यालय, दुम्कीबास र विनयी त्रिवेणी गाउँपालिका वडा नं. १ को वगुवन क्षेत्रमा मोतियाबिन्दु परीक्षण गरिएको हो ।

मोतियाबिन्दु परीक्षणबाट मोतियाबिन्दु देखिएका एक सय ६१ जनालाई बुधबार र बिहीबार भानुदय माध्यामिक विद्यालय दुम्कीबासमा शल्यक्रियाको व्यवस्था मिलाइएको गाउँपालिका अध्यक्ष घनश्याम गिरीले बताए । विगतमा मोतियाबिन्दु परीक्षण स्थानीयस्तरमा गरेर कावासोती, चितवन, हेटौडालगायतको स्थानमा शल्यक्रियाको लागि लगिने गरेकोमा यस पटक स्थानीयस्तरमा नै शल्यक्रियाको व्यवस्था मिलाइएको उनले बताए। गाउँपालिकामा गत वर्ष एक सय २६ जनाको मोतियाबिन्दुको शल्यक्रिया गरिएको थियो।

विभिन्न स्थानमा गरिएको परीक्षण शिविरबाट मोतियाबिन्दु भएका व्यक्तिहरुको शल्यक्रिया गर्नुपूर्व सुगरलगायत अन्य परीक्षणहरु गरेपश्चात् मोतियाबिन्दुको शल्यक्रिया गरिने भरतपुर आँखा अस्पताल चितवनकी डा. पुष्पा गिरी श्रेष्ठले जानकारी दिइन्। परीक्षणको क्रममा अधिकांशमा उमेरसँगै देखिने मोतियाबिन्दु देखिएको उनले बताइन् ।

मोतियाबिन्दु शल्यक्रियाका लागि पालिकाको विभिन्न स्थानबाट बुधबार बिहानैबाट शल्यक्रिया हुने भानुदय मा.वि. मा मोतियाबिन्दु भएका व्यक्तिहरु आइपुगेका थिए । नेत्रज्योति संघ, नवलपरासी पूर्वले विनयी त्रिवेणी गाउँपालिकालाई गरेको अनुरोध अनुरुप गाउँपालिकाको समेत अग्रसरतामा मोतियाबिन्दु परीक्षण शिविर र शल्यक्रिया सम्भव भएको संघका जिल्ला सचिव उदयराज सिग्देलले बताए । हुप्सेकोट गाउँपालिकामा समेत तत्काल मोतियाबिन्दु परीक्षण र शल्यक्रिया कार्य सञ्चालनको तयारीमा रहेको उनले जानकारी दिए।

आँखाको शल्यक्रिया पस्चात आँखा देख्ने विश्वास शिविरमा सहभागी मोतियाबिन्दु भएका व्यक्तिहरुको छ । नवलपुर जिल्लामा विभिन्न संस्थाको आयोजनामा प्रत्येक वर्ष मोतियाबिन्दु परीक्षण तथा शल्यक्रिया हुँदै आएको छ। यद्यपी उमेर अनुसार हुने मोतियाबिन्दुको दर उच्च रहेको मोतियाबिन्दु शल्यक्रियाका लागि काम गरिरहेको नेतज्योती संघ नवलपरास पूर्वका सदस्य दिवाकर पौडेलले जानकारी दिए।


## सडक पूर्वाधार विकास कार्यालय

तम्घास, गुल्मी

## प्राविधिक प्रस्ताव स्वीकृत/आर्थिक प्रस्ताव खोल्ने सूचना

(प्रथम पटक प्रकाशितमितिः २०८१।१२।०७)

यस कार्यालयबाट मिति २०८१/०८/०५ गते बुटवल टुडे राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार देहाय कार्यका लागी निर्धारित मिति २०८१/०९/०७ भित्रदर्ता भएका बोलपत्रपत्रहरु खोली प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई सफल भएका हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को (तेह्रौं संसोधन) को नियम ३१ (ज) को उपनियम ५ बमोजिम तपशिलको मिति स्थान र समयमा आर्थिक प्रस्ताव खोल्ने गरि प्राविधिक प्रस्ताव स्विकृतिको छनौट भएको सूचना सम्बन्धित सबैको जानकारीको लागियो सूचना प्रकाशन गरिएको छ।

| Description of Works | Contract ID | Name & Address of Successful Bidder | Opening Date, Time & Venue |
|---|---|---|---|
| Upgrading of Tamghas-Bakhrechheda-Bhandgaun-Bajhghat-Ratdanda Road | RIDO/GUL/W/NCB/ROAD/134/73/081-82 | M/S. Gauri Ganesh Nirman Sewa, Sindhupalchok | Date: 2081/12/14 Time: 3:00 PM Venue: RIDO, Gulmi |
| | | M/S. Amrit Nirman Sewa (P.) Ltd., Kathmandu | |
| | | M/S. Balkot Builders Pvt. Ltd., Kathmandu | |
| | | M/S. P.S Ramechhap JV, Kathmandu | |
| | | M/S. Indra-Siddhartha Darshan J/V,Makawanpur | |
| | | M/S. Changmila-Lokmani J.V., Dang | |
| | | M/S. BCDC/RCC/JBGC Joint Venture, Ktm. | |
| | | M/S. Kshitiz Nirman Sewa Pvt. Ltd., Kavre | |
| | | M/S. Puspa-Arjun-R&R J.V., Palpa | |
| | | M/S. Nana Construction Pvt. Ltd., Dhading | |
| | | M/S. Pacific/Sc/Sb J.V., Gulmi | |
| | | M/S. APL-RB Joint Venture, Baglung | |
| | | M/S. SCFPL-ONS J.V., Surkhet | |



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका
साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई
सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com






क्षयरोगबाट बचौं र बचाऔं

-लगातार खोकी लाग्ने,
-खोकीमा रगत देखापर्ने,
-तौल घट्ने
-फोक्सो दुख्ने वा असजिलो हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन्

क्षयरोगबाट बच्नः
-वन क्षेत्रमा आगो नबालौं ।
-धुम्रपान तथा मद्यपान नगरौं,
-धुवाँ धुलोमा नबसौं ।
-खोक्दा, हाच्छ्यु गर्दा रुमालले नाकमुख छोपौं ।
-बालबालिकालाई निश्चित समयमा बीसीजी खोप लगाऔं ।
-क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं ।
-क्षयरोगको शंका लागेमा चिकित्सकको सल्लाह लिऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com